एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

# INDIVIDUAL ACCOUNT OPENING APPLICATION
# व्यक्तिगत खाता खोल्ने आवेदन

Date (मिति): D D M M Y Y Y Y

.................................................................. **Branch (शाखा)**

**Account No. (खाता नं.):**

**Dear Sir/Madam (महोदय),**

**I/We request to open an account as mentioned below: (म/हामी तल उल्लेखित विवरण अनुसार खाता खोलिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।)**

**Account Type (खाताको किसिम)**

- ☐ Normal Saving (साधारण बचत)
- ☐ Nari Saving (नारी बचत)
- ☐ Excel Remit Account (एक्सेल रेमिट खाता)
- ☐ Excel Premium Saving Account (एक्सेल प्रिमियम बचत खाता)
- ☐ Excel Sambridhhi Bachat Khata (एक्सेल समृद्धि बचत खाता)
- ☐ Mero Nani Babuko Bachat Khata (मेरो नानीबाबुको बचत खाता)
- ☐ Others (अन्य)

## IDENTITY DETAILS: (पहिचान विवरण)

**पूरा नाम (देवनागरीमा)**

१.

२.

३.

**Full Name (IN BLOCK LETTER)**

1.

2.

3.

## In Case of Minor (नाबालकको हकमा)

**I/We declare that I/We am/are the bonafide parent(s) of Mister/Miss ..................................................... of age ........and I/we am/are lawfully entitled to act for and on behalf and for the benefit of the minor**

म/हामी यो उद्घोष गर्दछु/छौ कि ..........................................उमेरका नाबालक ...............................................................को अभिभावक हुँ/हौं र कानुनी रूपमा नाबालकको संरक्षकको हैसियतले नाबालकको तर्फबाट खाता संचालन लगायत निजको हिताधिकारका लागि कार्य गर्ने अख्तियार प्राप्त छु/छौ ।

| | |
|---|---|
| **Name of Parent(s)/Guardian(s)** संरक्षक(हरू)को नाम | |
| **Relationship with Minor** नाबालक संगको सम्बन्ध | |
| **Address of Parent(s)/Guardian(s)** संरक्षक(हरू)को ठेगाना | |

## Nominee Details (इच्छाएको व्यक्तिको विवरण:) Applicable for Sole Applicant Only (एकल ग्राहकको खाताको हकमा मात्र लागु हुने ।)

**I hereby nominate below mentioned person to whom in the event of my death, the amount of deposit with the bank may be returned.**

(म कुनै कारणबस मेरो मृत्यु भएको खण्डमा तल उल्लेखित व्यक्तिलाई यस खाताको इच्छाएको व्यक्ति मनोनयन गर्दछु ।)

| | | | |
|---|---|---|---|
| Nominee's Full Name (इच्छाएको व्यक्तिको पूरा नाम) | | Relationship (नाता) | |
| Father, Mother Name (बुबा, आमाको नाम) | | ID Type (परिचय पत्रको किसिम) | |
| Grandfather Name (बाजेको नाम) | | ID No. (परिचय पत्र नं.) | |
| Permanent Address of Nominee (इच्छाएको व्यक्तिको स्थायी ठेगाना | | Marital Status (वैवाहिक अवस्था) | |

**In case the desired person is a Minor, Please fill the below mentioned details.**

इच्छाएको व्यक्ति नाबालक भएमा तल उल्लेखित विवरण भर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| Guardian's Name संरक्षकको नाम | | Relationship नाता | |
| ID Type (परिचय पत्रको किसिम) | | ID No. (परिचय पत्र नं.) | |

## Request Details (अनुरोध विवरण)

**Request to provide (link) below additional services as well. I/We agree that the bank is entitled to debit the designated account for all fees and charges (such as registration, issuance, renewal or others) as specified in STC manual of the bank. I/We have read, understood and agree to abide by terms and conditions of the bank regarding those services. I/We also agree that the bank is entitled to debit my/our designated account for renewal fees & charges unless I/we provide written application to the bank for closing/cancellation or non-renewal of the mobile banking or debit card services.**

तल उल्लेखित थप सेवाहरू समेत प्रदान गरिदिनुहनु अनुरोध छ । उल्लेखित सेवाहरू जस्तै दर्ता, जारी नवीकरण तथा सो सम्बन्धी बैंकले तोकेको अन्य कुनैपनि शुल्कहरू मेरो/हाम्रो खाता खर्च हुनेगरी कट्टा गरी लिन बैंकलाई अख्तियार प्रदान गर्दछु/गर्दछौं । तल उल्लेखित सेवाहरू सम्बन्धी बैंकको सम्पूर्ण शर्तबन्देजहरू पढी बुझी पूर्णरूपमा पालना गर्न मञ्जुर गर्दछु/गर्दछौं । साथै, मोबाइल बैकिङ्ग तथा डेबिट कार्ड सुविधा नवीकरण सम्बन्धमा मैले/हामीले लिखित रूपमा बन्द गर्न/रद्द गर्न वा नवीकरण नगर्न निवेदन नदिएसम्म सो वापत लाग्ने वार्षिक शुल्क मेरो/हाम्रो खाता खर्च लेखी नवीकरण गर्न मञ्जुर गर्दछु/गर्दछौं ।

## Tick ( ✓ ) the required (आवश्यकतामा ( ✓ ) लगाउनुहोस्

**Mobile Banking (मोबाइल बैंकिङ्)** ☐ Mobile No.: मोबाइल नं.: ☐☐☐☐☐☐☐☐☐☐

☐ SMS alert only (एस एम एस सेवा)

☐ Full feature (SMS including transaction) पुरा विशेषता (कारोबार सहितको एस एम एस सेवा)

**Debit Card (डेबिट कार्ड)** ☐

☐ Visa (भिसा)

☐ Others (Please specify (अन्य कुनै भएमा उल्लेख गर्नुहोस्) ______

म/हामीसँग भएका/सम्बन्धीत विवरणहरू यही फारामको तोकिएका खण्डहरूमा उल्लेख गरेको छु/छौं। मेरो /हाम्रो खातामा संलग्न गरिएका शर्त तथा बन्देजहरू बमोजिम हुने कुरा बुझेको छु/छौं ।

## Applicant/s निवेदक/हरू:

१. ........................................ हस्ताक्षर ........................

२. ........................................ हस्ताक्षर ........................

३. ........................................ हस्ताक्षर ........................

# General Terms and Conditions Governing Customer Account at Excel Development Bank Ltd.
## (एक्सेल डेभलपमेन्ट बैंकका ग्राहकहरूको लागि खाता सञ्चालन सम्बन्धी शर्त तथा बन्देजहरू:)

१. मेरो/हाम्रो नाममा जारी डेबिट कार्ड/चेक लगायत हराएमा तत्काल बैंकलाई जानकारी गराउने छु/छौं ।

२. डेबिट कार्ड/एटिएम कार्ड/मोबाइल बैंकिङ्ग/अन्य सञ्जाल सेवाहरू बैंकको आधिकारिक वेवसाइट **(www.edb.com.np)** मा उल्लेख भए बमोजिमका आन्तरिक नीति नियम मार्गदर्शन तथा म/हामीलाई उपलब्ध गराईएका शर्त एवं बन्देजहरूको अधिनमा हुनेछ ।

३. म/हामीले बैंकलाई उपलब्ध गराउनु पर्ने सूचना उपलब्ध नगराएको वा गलत सूचना उपलब्ध गराएको कारण बैंकलाई कुनै धोका, हानी नोक्सानी भएमा वा हुने भएमा सो को पूर्ण जिम्मेबारी लिन म/हामी मन्जुर गर्दछु/गर्दछौं ।

४. मैले/हामीले डेविट कार्ड/मोबाइल बैंकिङ्ग तथा सो को पासवर्ड कसैलाई दिएको वा साटेको कारणले कुनै हानी नोक्सानी भएमा सो वापत बैंक जिम्मेबार नहुने कुरामा मेरो/हाम्रो पूर्ण मन्जुर छ ।

५. लग इन पासवर्ड **(Login Password)** / ओटिपी **(OTP)** लगायतका विषयसँग सम्बन्धित सूचना इमेल वा अन्य कुनैपनि प्रकृया मार्फत् बैंकलाई बुझाउनु नपर्ने विषयमा म/हामी पूर्ण रूपमा सचेत छु/छौं ।

६. डेबिट कार्ड/एटिएम कार्ड/मोबाईल बैकिङ्गको सञ्चालन कार्य विधि नेपाल राष्ट्र बैकले समय-समयमा तोके बमोजिम परिवर्तन हुनेछ ।

७. म/हामीले खोल्न चाहेको खाता तथा सोका अतिरिक्त सेवा लिन चाहेको एटिएम, मोवाईल बैंकिङ्ग, चेक बुक कुनै वा सबैको सम्बन्धमा लागू हुने शर्त तथा बन्देज पढी सो को मतलब समेत बुझेका छौं । साथै, बैंकले सेवा दिए बापत लिने विभिन्न शुल्कहरू मेरो/हाम्रो खाता खर्च लेखी लिन मञ्जुरी रहेको छ । साथै, उक्त शुल्कहरूको परिवर्तन भएमा सो को जानकारी बैंकको आधिकारिक वेबसाइट मार्फत् सार्वजनिक जानकारी लिन मञ्जुर गर्दछु/ गर्दछौं ।

८. म/हामी यो घोषणा गर्दछु/गर्दछौं कि यस खातामा जम्मा गरिने तथा कारोबार गरिने रकम बैधाानिक तवरले आर्जन गरिएको हो र यो खाता मुद्रा निर्मलीकरण प्रयोजनका लागि प्रयोग गरिने छैन । यो खाता मुद्रा निर्मलीकरण वा अन्य शंकास्पद प्रयोजनको लागि प्रयोग भएको वा हुने लागेमा बैकले मेरो/हाम्रो खाता/कारोबारको विवरण सम्बन्धित निकायलाई जानकारी गराउन सक्छ भन्ने कुरा मलाई/हामीलाई मञ्जुर हुनेछ ।

९. म/हामीले बैंकलाई उपलब्ध गराएका कुनै पनि किसिमका सूचनाहरू (व्यक्तिगत तथा अन्य संवेदनशील लगायत) प्रचलित कानुन वा बैंकिङ्ग अभ्यास बमोजिम सुविधाजन्य सेवा, कारोबारको सरलीकरण, खोज तथा विश्लेषण, क्रेडिट रेटिङ, प्रमाणिकरण आदि सञ्चार एवं विद्युतीय कारोबारको समाशोधन सञ्जाल लगायतमा प्रयोग हुन सक्नेछ ।

१०. म/हामीलाई जानकारी छ कि खातामा रकम भएको सीमासम्म मात्र चेक काट्नु पर्दछ । खातामा रकम नभएको कारणले चेक फिर्ता भएमा बैंकले सो वापतको निर्धारित शुल्क लिनेछ । साथै, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम म/हामीलाई कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राख्न सिफारिस समेत गर्न सक्नेछ ।

११. बैंकद्वारा जारी गरिएका चेक, एटिएम कार्ड, बैंकको सम्पति हुनेछन र त्यस्ता बैकका सम्पतिहरू सम्बन्धित खातावालाले संरक्षण गर्ने तथा सुरक्षित साथ राख्नु पर्नेछ । उक्त कार्डहरू हराएमा, चोरी भएमा वा कुनै किसिमको कसैले जालझेल वा झुक्यानमा पारी रकम निकालेमा वा दस्तखतको दुरूपयोग गरेमा बैंक जवाफदेही हुनेछैन । खाता बन्द गर्नको लागि अनुरोध गर्दा ग्राहकले आफुसँग बाँकी रहेका चेकका पानाहरू, एटिएम कार्ड फिर्ता गर्नुपर्नेछ ।

१२. कुनै अपराध वा ठगी हुन नदिन वा सार्वजनिक सरोकारको चासोको विषय भएमा प्रचलित कानून, नियम बमोजिम वा कुनै नियमनकारी निकायको अनुरोधमा बैंकले ग्राहकको खाता सम्बन्धी सूचना ग्राहकको सहमति विना पनि उपलब्ध गराउन सक्नेछ ।

१३. प्रत्येक खातामा जम्मा गरिने तथा खाताबाट निकालिने रकम सम्बन्धी कारोबारहरूको त्रुटी रहित प्रविष्टि गर्ने सम्बन्धमा बैंक सचेत रहनेछ । कथम कदाचित् कारोबारको प्रविष्टिमा कुनै त्रुटी देखिएमा उक्त त्रुटीलाई सच्याउने वा खातावालाको खाताबाट उक्त रकम असुल गर्नुपरेमा समेत बैंकले मलाई/हामीलाई जानकारी दिई वा नदिई त्यस्तो त्रुटी सच्याउन वा समायोजन गर्न सक्नेछ ।

१४. बैंकबाट जारी भएका भौचर, चेक तथा अन्य सुरक्षणहरू बैंकको छाप तथा बैंकको आधिकारिक कर्मचारीको दस्तखत भएको अवस्थामा मात्र मान्य हुनेछन् ।

१५. बैंकले संकलनको लागि चेक तथा अन्य भुक्तानी उपकरण स्वीकार गर्दा ग्राहकको तर्फबाट संकलनकर्ता एजेन्टको रूपमा मात्र कार्य गर्ने छ । बैंकमा संकलनका लागि जम्मा भएको चेक लगायतका भुक्तानी उपकरणको भुक्तानी हुने/नहुने सम्बन्धमा बैंक जिम्मेवार हुनेछैन । सम्बन्धित चेक/भुक्तानी उपकरण वापतको रकम यस बैंकमा जम्मा/दाखिला भएपछि मात्र बैंकले उक्त चेक तथा अन्य भुक्तानी उपकरणको भुक्तानी दिनेछ ।

१६. मोबाईल बैंकिङ्ग र कार्ड रद्ध गर्नुपर्ने भएमा वा नवीकरण नगर्ने भएमा सो सेवाहरूको म्याद समाप्त हुनुभन्दा एक (१) महिना अगावै खातावालाले बैंकलाई लिखित सूचना दिनु पर्नेछ ।

१७. खातावालाको ठेगाना, मोबाइल नम्बर, खाता संचालन निर्देशनमा कुनै परिवर्तन भएमा त्यसको लिखित जानकारी बैकमा तुरून्त गराई बैंकबाट लिएको सबै सेवामा परिवर्तन विवरण अद्यावधिक गराउनु पर्नेछ अन्यथा बैंकमा रहेको विवरणलाई आधिकारिक मानिने छ ।

१८ खातावालाको खातामा रहेको नगद मौज्दात खातावालाको बैंक उपर हाल रहेको वा भविष्यमा हुन सक्ने कुनै पनि दायित्व उपर सुरक्षण सरह हुनेछ । बैंकले खातावालाबाट लिनु पर्ने कुनैपनि रकम सोही खाताबाट खर्च लेखी लिन सक्नेछ ।

१९. बैंकलाई दिइने वित्तीय तथा गैह्र वित्तीय (बैंकिङ्ग तथा गैह्र बैंकिङ्ग) सम्बन्धी सम्पूर्ण निर्देशनहरू नियमनकारी निकाय तथा प्रचलित कानूनको अधिनमा रही बैंकले निर्दिष्ट गरे बमोजिम आधिकारिक प्रणालीबाट मात्र हुनेछ ।

२०. बैंकले दिने सम्पूर्ण सेवा उपभोग तथा खाता खोल्नको लागि मैले/हामीले प्रदान गरेका आवश्यक कागजातहरू बैंकले सक्कल प्रतिसँग प्रमाणित गर्न सक्नेछ ।

२१. खाता खोलेको ३ महिनासम्म पनि ग्राहक पहिचान फर्म बमोजिम सम्पूर्ण कागजहरू नबुझाएमा वा उक्त अवधि सम्म खातामा नगद नराखेमा बैंकले मलाई/हामीलाई जानकारी दिई वा नदिई सो खाता निष्क्रिय गर्न सक्नेछ ।

२२. बैंकको खाता वा जुनसुकै शाखा कार्यालय समेतमा ग्राहकको सोही प्रकृतिको अन्य खाता रहेको थाहा भएमा बैंकले उक्त खाताहरू मलाई/हामीलाई जानकारी दिई वा नदिई एकत्रित गर्न सक्नेछ ।

२३. बैंकले सेवा दिए वापत लिने शुल्कको दरमा हुने कुनै पनि परिवर्तन/संशोधन/कटौतीको सम्बन्धमा बैंकको आधिकारिक वेबसाइट **(www.edb.com.np)** वा अन्य माध्यम मार्फत् जानकारी प्राप्त हुन सक्नेछ ।

२४. मेरो/हाम्रो बैंक प्रतिको दायित्व उपर मेरो/हाम्रो नाममा बैंकमा रहेको खातामा कुनैपनि माध्यमबाट जम्मा हुने रकमबाट समायोजन गर्न तथा उपयोग गर्न बैंकलाई अख्तियारी प्रदान गर्दछु/छौं ।

२५. बचत खाताको हकमा ३६ महिना भन्दा बढी समय र चल्ति/कल खाताको हकमा ६ महिना भन्दा बढि सयमसम्म वा नेपाल राष्ट्र बैकद्वारा निर्देशन गरे बमोजिम म/हामीले बैंकमा रहेको खातामा कुनै पनि कारोबार नगरेमा उक्त खाता निष्कृय **(Dormant)** हुनेछ ।

२६. देहायका शर्त तथा बन्देजको अधिनमा रही बैकले मेरो/हाम्रो खाता रोक्का गर्न सक्ने छ :-

क) नावालक बालिग भएको अवस्थामा,

ख) गैर कानुनी कार्य (सम्पत्ति शुद्धिकरण तथा आतंकवादमा वा अन्य गैरकानुनी लगानी लगायत) सँग सम्बन्धित भई खाताको सञ्चालन वा दुरूपयोग भएको अवस्थामा,

ग) अड्डा, अदालत, नियमनकारी निकाय वा कुनै कानून बमोजिम अख्तियारप्राप्त निकायबाट खाता रोक्का राख्ने आदेश भएमा,

घ) खाता सञ्चालनमा कुनै किसिमको विवादको जानकारी भएको अवस्थामा ।

२७. बैंकले समय समयमा पुनरावलोकन गर्ने शुल्कहरूको किसिम तथा दररेट मा उल्लेख भए बमोजिम तोकिएका शुल्कहरू लाग्नेछन् । त्यस्तो दररेट समय-सयमा बैंकले परिवर्तन गर्न सक्नेछ । माथि उल्लेखित व्यवस्थाहरूको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी सम्बन्धित खाताबाट श्रोतमा कर कट्टी गर्नुपर्ने शुल्क लगायतका अन्य कुनै रकम विना जानकारी कट्टी गर्न सकिनेछ ।

२८. म/हामीले बैंकलाई उपलब्ध गराएका कुनैपनि किसिमका सूचनाहरू (व्यक्तिगत तथा अन्य संवेदनशील लगायत) बैंकले आफ्नो नियमनकारी निकाय तथा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय वा व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ । यसमा मेरो/हाम्रो गोपनियता उल्लङ्घन भएको मानिने छैन । बैंकले उक्त सूचनाहरूको दुरूपयोग हुन नदिन सूचना सुरक्षा नीति मार्फत अधिकतम प्रयास गर्नेछ ।

२९. यहाँ उल्लेखित म/हामी/मेरो/मलाई जस्ता सम्पूर्ण शब्दले सम्बन्धित खाताको खातावाला र बैंक भन्नाले एक्सेल डेभलपमेन्ट बैंक लि. लाई जनाउनेछ ।

| Name of Account Holders (खातावालाहरूको नाम) | Signature (दस्तखत) |
|---|---|
| १. | |
| २. | |
| ३. | |

**Thumb Print of Account Holders (खातावालाहरूको औंठाछाप)**

| १. | | २. | | ३. | |
|---|---|---|---|---|---|
| दायाँ | बायाँ | दायाँ | बायाँ | दायाँ | बायाँ |

Date (मिति): D D M M Y Y Y Y

**For Bank's Use Only**

| Checked By: | Verified/Approved By: |
|---|---|
| Name: ........................................................................ | Name: ........................................................................ |
| Designation: ............................................................ | Designation: ............................................................ |
| Signature: ............................................................... | Signature: ............................................................... |